**नेपाली / *NEPALI***

लागि: विद्यार्थी, संकाय र कर्मचारीहरू

बाट: अर्थ तथा प्रशासनको उपकुलपति र अनुसन्धानको उपकुलपति

विषय: संघीय सरकार बन्द

मिति: अक्टोबर १, २०२५

हाम्रो क्याम्पस समुदाय,

तपाईंलाई पहिले नै थाहा भएकै कुरा हो, आज राति १२:०१ बजेदेखि संघीय सरकारका गैर आवश्यक कामहरू बन्द छन्।

यो घटना हाम्रो क्याम्पस सञ्चालन र अनुसन्धान उद्यमको लागि चिन्ताजनक भएतापनि, क्याम्पस अगुवाहरूले हालैका हप्ताहरूमा यस सम्भावनाको लागि तयारी गरिरहेका छन् र धेरै परिदृश्यहरूको लागि योजना बनाएका छन्, जसमा धेरै हप्तासम्म बन्द रहने जोखिम पनि समावेश छ।

अनुसन्धानका उपकुलपतिको कार्यालय, अर्थ तथा प्रशासनका उपकुलपतिको कार्यालय र कानूनी मामिलाका उपकुलपतिको कार्यालयमा रहेका विश्वविद्यालय सम्बन्ध, अनुसन्धान र प्रायोजित कार्यक्रम (*RSP*) का अगुवाहरूले अवस्था र सम्भावित प्रभावहरूको अनुगमन गरिरहेका छन् र समुदाय र साझा प्रशासनसँग कुराकानी गर्न जारी राख्नेछन्।

बन्दको समयमा, विश्वविद्यालयको लक्ष्य हाम्रो समुदायलाई मार्गदर्शन र वकालत प्रदान गर्न र क्याम्पसमा हुने अवरोधलाई सकेसम्म हदसम्म सीमित राख्नु हो।

संघीय कोषले विश्वविद्यालयको बजेटको सबैभन्दा ठूलो हिस्सा प्रदान गर्दछ। बन्दले मुख्यतया विश्वविद्यालय अनुसन्धान सञ्चालनलाई असर गर्नेछ, तर कुनै पनि व्यापक प्रभावहरू बन्दको लम्बाइ र संघीय एजेन्सीहरूद्वारा प्रदान गर्ने सम्बन्धित मार्गदर्शनहरूमा भर पर्दछ।

आर्थिक सहायता र छात्रवृत्ति लगायत विद्यार्थी सहायतामा असर पर्ने अपेक्षा गरिएको छैन।

हाल जारी संघीय प्रायोजित परियोजनाहरूमा काम गर्ने संकाय र अनुसन्धानकर्ताहरू र संघीय अनुदानबाट कोष पाउने कर्मचारीहरूले, हालको लागि आफ्नो अनुसन्धान जारी राख्नु पर्नेछ, जबसम्म वहाँहरूलाई अन्य निर्देशनहरू प्राप्त हुँदैन वा वहाँहरूको अनुदान एजेन्सीहरूले काम रोक्न आदेश जारी गर्दैनन् जसमा वहाँहरूलाई आफ्नो काम रोक्न आवश्यक पर्दछ।

बन्दको अवधिमा, संघीय एजेन्सीहरूले नयाँ अनुदान वा ठेक्का जारी गर्नेछैनन् वा हालको परियोजनाहरू फेरि नयाँ बनाउने छैनन्; सरकारी कर्मचारीहरूले फोन उठाउन, ईमेलको जवाफ पठाउन वा जानकारीमूलक स्रोतसाधनहरू अपडेट गर्न वा सहायता प्रदान गर्न सक्ने छैनन्। संघीय परिसरहरू पनि पहुँचयोग्य नहुन सक्छन् र भिसा प्रशोधनमा ढिलाइ हुने सम्भावना छ।

गर्मी मौसममा खर्च व्यवस्थापन र खर्च घटाउने हाम्रो सामूहिक प्रयासको नतिजाको रूपमा, हामी बन्द अवधिमा पुग्दा बलियो आर्थिक अवस्थामा छौं। तर हामी गैर आवश्यक रोजगारी दिने र यात्रा सीमित गर्ने र संघीय कोषका परियोजनाहरूको खर्चमा

कडा नियन्त्रणहरू लागू गर्ने सहित आर्थिक नियन्त्रणलाई दृढतापूर्वक प्रोत्साहन गर्न जारी राख्नेछौं। मार्गदर्शनको लागि कृपया मार्च महिनाको यस क्याम्पस सन्देशलाई हेर्नुहोला, जुन प्रभावकारी रहन्छ।

बन्दको समयमै अपडेटहरू प्रदान गर्न *RSP* अनुसन्धान समुदायसँग नियमित सम्पर्कमा रहनेछ। सम्बन्धित जानकारी बन्दको विस्तृत वेबसाईटमा राखिनेछ र *RSP* टोलीले अनुसन्धान सम्बन्धित प्रश्नहरूको प्रतिक्रिया प्रदान गर्नेछन्।

संघीय सम्बन्ध कार्यालयले आवश्यकता अनुसार क्याम्पसव्यापी अपडेटहरू पनि राख्नेछ।

यस बदलिने र चुनौतीपूर्ण संघीय परिदृश्यका साथ अगाडि बढ्ने क्रममा, हामी तपाईंहरूमध्ये धेरैले अनुसन्धान कोष, नीति बदल र एजेन्सी सञ्चालनको बारेमा सामना गरिरहनुभएको अनिश्चिततालाई स्वीकार गर्दछौं। यस बन्दले विशेष गरी हाम्रो अनुसन्धान समुदायमा थप सम्भावित तनाव थपेको छ। हामी यो कुरा बुझ्छौँ र उपलब्ध भएसम्म स्पष्ट र समयमै जानकारी प्रदान गर्न सक्दो प्रयास गर्नेछौँ।

यस परिस्थिति सँभाल्ने क्रममा हामी तपाईंको धैर्यता र लचिलोपनको कदर गर्दछौँ र तपाईंको महत्त्वपूर्ण काम प्रति धन्य छौँ।

Rob Cramer

अर्थ तथा प्रशासनका उपकुलपति

Dorota Grejner-Brzezinska

अनुसन्धानका उपकुलपति